नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

## प्रेस नोट

आर्थिक सुशासन कायम गर्न राजस्व चुहावट एवं विदेशी विनिमय अपचलन नियन्त्रणका कसुरमा प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक रणनीतिबाट अनुसन्धान तहकिकात गरी अभियोजन गर्ने कार्य गरिरहेको छ ।

राजस्व चुहावटका विविध क्षेत्रमा संलग्न व्यवसाय, फर्म तथा व्यक्तिहरुको कारोबारस्थलमा विभागले अनुगमन बढाउने, कारोवारस्थलबाट कागजातहरु नियन्त्रणमा लिने, अनुसन्धान गर्ने र कानुनले तोकेको सीमाभित्र रही अभियोजन गर्ने वा कर निर्धारण गर्ने साथै सरोकारवाला निकायमा राजस्व चुहावट ऐन, २०५२ बमोजिम लेखी पठाउने कार्य गर्दै आएको छ ।

अनुसन्धान कार्यलाई अझ विश्वनिय वनाउन कारोवारस्थलबाट प्रयोग भएका कम्प्युटर, मोवाइल (Electronic Device) मा रहेका विवरणहरुलाई डिजिटल फरेन्सिक ल्याव समेतको सहायताबाट अनुसन्धानको आधार वनाउने पद्धतिको विकास गर्दै लगेको छ ।

पछिल्लो केही महिनामा आयातमा भएको कडाइका कारणले वस्तुको चोरी पैठारी बढ्न सक्ने (चिनी, कपडाजन्य सामान, मदिरा तथा विद्युतीय सामान) र भन्सार विन्दु प्रयोग नगरी गोदामस्थलमा श्रोत नखुलेका मालवस्तुको भण्डारण र कारोबार गरेको सूचनाका आधारमा यस्ता क्रियाकलापमा संलग्न व्यवसायिलाई अनुसन्धान र अभियोजनलाई तिब्रता दिइएको छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णयले मिति २०७९/०७/१६ देखि आजसम्म यस विभागमा कार्यरत रहेको अविधमा भएका क्रियाकलापहरुको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।

१. <u>राजस्व चुहावटतर्फः-</u>

| सूचना संख्या | मुद्दा दर्ता | | | अन्य निकायमा लेखी पठाएको (संख्या) | अन्य निकायमा लेखी पठाएको रकम |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिवादी संख्या | सजाय माग दावी रकम | | |
| १९९ | ६ | ८ | ६४ करोड ३१ लाख | ७६ | ६,९२,६७,८९२ |

२. <u>विदेशी विनिमयतर्फ</u>

| सूचना संख्या | मुद्दा दर्ता | | |
|---|---|---|---|
| | संख्या | प्रतिवादी संख्या | माग दावी |
| ६ | ५ | ६ | ५२ लाख ३३ हजार ४३७ |

वेबमा आधारित मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली - **VCTS**

| | |
|---|---|
| **VCTS** प्रयोगकर्ता (संख्या हालसम्म) | १,९०,१४२ |
| अनुगमनबाट जरिवाना गरिएका फर्म/कम्पनीको संख्या | ७६ |
| असूल भएको जरिवाना रकम (रू.- हजारमा) | ५८ लाख १८ हजार |
| गस्ती परिचालन जम्मा संख्या | २४४ |

महानिर्देशकको जिम्मेवारी प्रदान गर्ने सम्माननीय प्रधानमन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका श्रीमान् मुख्य सचिवज्यू, सचिवज्यूहरु लगायत यस कार्यकालमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने निजी क्षेत्र, आमसंचार क्षेत्र र सूचनादाता लगायत सरोकारवालाका साथै, विभागमा अहोरात्र खटिनुहुने मेरा कर्मचारी साथीहरु र सुरक्षाकर्मी साथीहरु प्रति सबैमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु ।

मदन दहाल
महानिर्देशक
२०७९।१०।२२